# अपराध सम्बन्धी बेसलाइन सर्वेक्षण प्रतिवेदन, २०७२ को सारसंक्षेप

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# अपराध सम्बन्धी बेसलाइन सर्वेक्षण प्रतिवेदन, २०७२ को सारसंक्षेप

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार

**प्रकाशक :** कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार

**प्रकाशन मिति :** बैशाख, २०७३

**प्रकाशन प्रति :** ५०००

**सर्वाधिकार © :** कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार

# प्रारम्भिक

## पृष्ठभूमि

राज्यबाट शान्ति, सुरक्षा र न्याय पाउनु प्रत्येक नागरिकको स्वभाविक चाहना मात्र होइन, अधिकार पनि हो । न्यायपूर्ण र सुरक्षित वातावरणमा मात्र व्यक्ति, समाज र राष्ट्रको उत्थान र विकास सम्भव हुन्छ । यसका लागि अपराधको प्रभावकारी रोकथाम तथा नियन्त्रण गर्न आवश्यक नीतिगत, कानूनी एवं संरचनागत व्यवस्था गरिनु पर्छ । अपराधको रोकथाम, नियन्त्रण र निराकरणका लागि अपराधको संख्या, प्रकार, असर, गम्भीरता, कारण तथा प्रवृत्तिहरूका सम्बन्धमा आमजनता तथा सरोकारवालाहरूको दृष्टिकोण सहितको तथ्यपरक तथा सांख्यिक जानकारी प्राप्त गर्न अपराध सम्बन्धी सर्वेक्षण (Baseline Survey on Crime) आवश्यक भएको हो । अपराध सम्बन्धी वेसलाइन सर्वेक्षणको कार्य गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवको संयोजकत्वमा सर्वोच्च अदालत, गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी, तथ्यांक विभागका सहसचिवस्तरका प्रतिनिधिहरु सम्मिलित वेसलाइन सर्वे निर्देशक समिति गठन भएको र सर्वेक्षण कार्यमा सहयोग पुऱ्याउन निर्देशक समिति अन्तर्गत सो समितिमा प्रतिनिधित्व गर्ने निकायहरूका उपसचिवस्तरका प्रतिनिधिहरु रहेको प्राविधिक उपसमिति गठन भएको थियो ।

अपराध सम्बन्धी बेसलाइन सर्वेक्षणको कार्य मूलतः फौजदारी कानून सुधार उच्चस्तरीय कार्यदलले नेपाल सरकार समक्ष पेश गरेको

सुझावको आधारमा अगाडि बढाइएको हो । यस सर्वेक्षणको प्रयोजनको लागि देशका हिमाल, पहाड, तराई एवं काठमाण्डौ उपत्यका समेतको प्रतिनिधित्व हुने गरी १० वटा जिल्लाहरु (ताप्लेजुङ्ग, मोरङ्ग, सप्तरी, पर्सा, सिन्धुपाल्चोक, काठमाण्डौ, कास्की, बाँके, जुम्ला र बझाङ्ग) को छनौट गरी अपराध सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको थियो । प्राप्त तथ्याङ्कको आधारमा तथ्यहरुको विश्लेषण गरी अपराध सम्बन्धी बेसलाइन सर्वेक्षण अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## सर्वेक्षणको उद्देश्य

अपराध सम्बन्धी बेसलाइन सर्वेक्षणका उद्देश्यहरु निम्न रहेका थिए :-

(क) समाजमा घट्ने अपराधको वास्तविक अवस्था पत्ता लगाउने,

(ख) अपराधको गम्भीरता, असर, कारण तथा प्रवृत्ति पत्ता लगाउने, र

(ग) अपराधका सम्बन्धमा आमजनताको दृष्टिकोण र अपेक्षा बुझ्ने ।

## सर्वेक्षण विधि

मुलुकको विभिन्न भौगोलिक क्षेत्र समेटिने गरी छनौट गरिएका जिल्लाहरुबाट अपराधको बेसलाइन सर्वेक्षणको लागि आवश्यक पर्ने प्राथमिक र द्वितीय गरी दुई प्रकारका तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । प्राथमिक तथ्याङ्क (Primary Data) सङ्कलनको लागि घर

परिवार, जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकीलको कार्यालय, महिला तथा बालबालिका कार्यालय, जिल्ला वन कार्यालय र जिल्ला बार इकाई, गैरसरकारी संघ संस्था, स्थानीय निकाय, नागरिक समाज, जिल्ला बालकल्याण समिति जस्ता सरोकारवाला निकायका प्रतिनिधिहरूका साथै अपराधको आर्थिक सामाजिक विश्लेषणको लागि कारागारमा रहेका बन्दीहरूलाई लक्षित गरी तयार गरिएका तीन प्रकारका अलग अलग प्रश्नावलीहरूको माध्यमबाट र द्वितीय तथ्याङ्कहरु (Secondary Data) को लागि छनौटमा परेका जिल्लाका जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला सरकारी वकीलको कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला कारागार कार्यालयबाट छुट्टाछुट्टै संस्थागत फाराम भर्न लगाई अपराध सम्बन्धी संस्थागत तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । तथ्याङ्क सङ्कलन गर्दा आ.व. २०६७।६८, आ.व. २०६८।६९ र आ.व. २०६९।७० को अवधिमा सम्बन्धित सरोकारवाला निकायमा अभिलेख गरिएका तथ्याङ्कलाई मात्र संकलन गरिएको थियो ।


अपराध सम्बन्धी बेसलाइन सर्वेक्षण सञ्चालनको लागि सूचना तथा तथ्याङ्क सङ्कलन गर्न निम्न बमोजिमका प्रश्नावलीहरु तथा संस्थागत फाराम तयार गरिएको थियो :-

- पारिवारिक प्रश्नावली,
- जिल्लास्थित सरोकारवाला निकाय तथा संघसंस्थाका प्रतिनिधिहरूलाई अन्तरक्रिया मार्फत सोधिने प्रश्नावली,
- छनौटमा परेका जिल्ला कारागारमा रहेका बन्दीहरूलाइ सोधिने प्रश्नावली,


- घरपरिवार लगत सूची सङ्कलन फाराम,
- अनुसन्धान, अभियोजन तथा न्याय निरोपण गर्ने जिल्लास्थित सरकारी कार्यालयहरूमा रहेका तथ्याङ्क सङ्कलन गर्ने प्रयोजनका लागि तयार गरिएका संस्थागत फाराम ।

## सर्वेक्षणमा सहभागी उत्तरदाताको विवरण

(क) **पारिवारिक प्रश्नावलीका उत्तरदाता (आमनागरिक)**: सर्वेक्षणको क्रममा पारिवारिक प्रश्नावली तर्फका उत्तरदाता आमनागरिकको संख्यात्मक विवरण ग्राफ चित्रमा प्रस्तुत गरिएको छ :-



(ख) **अपराधको आर्थिक तथा सामाजिक विश्लेषणको लागि सहभागी बन्दी उत्तरदाताः** सर्वेक्षणको लागि छानिएका जिल्लास्थित कारागारमा रहेका कुल उत्तरदाता महिला तथा पुरूष बन्दीहरूको विवरण चित्रमा प्रस्तुत गरिएको छ :-




# अपराधको स्थिति

## छनौटमा परेका जिल्लाको सुरक्षा अवस्था


### १. सुरक्षा भएको महसूस गर्ने

आमनागरिकहरु आफु बसोबास गरेको क्षेत्रमा राती वा एक्लै हिंड्दा आफूलाई सुरक्षित महसूस गर्छन वा गर्दैनन् भन्ने सम्बन्धमा उत्तरदाताले दिएको जवाफको विवरण तलको चित्रमा प्रस्तुत गरिएको छ :-



**२. असुरक्षा महसूस गर्ने उत्तरदाताको धारणा**


राती आफ्नो घरमा एक्लै बस्दा असुरक्षित महशुस गरेको भनी जवाफ दिएका उत्तरदातालाई त्यसरी असुरक्षित महसूस गर्नुको कारण के होला भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ ग्राफ चित्रमा प्रस्तुत गरिएको छ :–




## अपराधमा व्यक्तिको संलग्नता


**१. लिङ्गको आधारमा**

तपाई बसोबास गर्नु भएको क्षेत्रमा विगत तीन वर्ष यता भएको अपराधमा कस्तो व्यक्ति संलग्न रहेको पाउनु भएको छ भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ चित्रमा प्रस्तुत गरिएको छ :–





२. **उमेरको समूहको आधारमा अपराधमा संलग्नता**

तपाईं बसोबास गर्नु भएको क्षेत्रमा विगत तीन वर्ष यता धेरैजसो कुन उमेर समूहका व्यक्तिहरू अपराधमा बढी संलग्न भएको पाउनु भएको छ भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ ग्राफ चित्रमा प्रस्तुत गरिएको छ :-




## ३. अपराध बढी हुने समय

विहान, दिउसो, साँझ वा रातीमध्ये कुन समय बढी अपराध हुने गरेको पाइन्छ भनी (बहुउत्तर संभव) प्रश्न सोधिएकोमा उत्तरदाताले दिएको जवाफ ग्राफ चित्रमा प्रस्तुत गरिएको छः–





## ४. पटके अपराध गरेको अवस्था

एउटै व्यक्तिले एक पटक भन्दा बढी अपराध गरेको अवस्था छ वा छैन भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ चित्रमा प्रस्तुत गरिएको छ :-




## ५. अपराध भएको देखे वा थाहा पाएपछि गरेको काम

अपराध भएको प्रत्यक्ष रूपमा देखेको वा थाहा पाएको भनी जवाफ दिने उत्तरदातालाई तपाईंले अपराध भएको प्रत्यक्ष रूपमा देखे वा थाहा पाए पश्चात् त्यस सम्बन्धमा के गर्नु भयो भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ ग्राफ चित्रमा प्रस्तुत गरिएको छ :-





## ६. अपराधको जानकारी प्रहरीमा नगराउनुको कारण

आफुले देखेको वा थाहा पाएको अपराधको विषयमा प्रहरीलाई जानकारी नगराएको भन्ने जवाफ दिने उत्तरदातालाई त्यस्तो अपराधको विषयमा प्रहरीलाई के कति कारणले जानकारी नगराउनु भएको भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ ग्राफ चित्रमा प्रस्तुत गरिएको छ :-




## ७. अभियुक्तलाई जोगाउन सक्रिय रहने वर्ग

अपराधका घटना घटि सके पश्चात् अभियुक्तलाई जोगाउने वा मुद्दा चल्न नदिने प्रयास हुने गरेको छ भन्ने जवाफ दिने उत्तरदातालाई अपराधमा संलग्न अभियुक्तलाई जोगाउन कसको बढी सकृयता हुने गरेको छ भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ ग्राफ चित्रमा प्रस्तुत गरिएको छ :-




# अपराधको कारण र प्रवृत्ति

## अपराध हुनुका प्रमुख कारणहरु

### आमनागरिकको धारणा


पारिवारिक प्रश्नावलीमा सहभागी उत्तरदातालाई अपराध हुनुका मुख्य कारणहरु के के हुन भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ ग्राफ चित्रमा प्रस्तुत गरिएको छ :-




## अपराध घटबढको स्थिति

सर्वेक्षणमा सहभागी उत्तरदाताहरूलाई के कस्ता अपराधहरु घटेका छन् के कस्ता अपराधहरू बढेका छन् भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफको आधारमा आ.व. आ.व. २०६७|६८, आ.व. २०६८|६९ र आ.व. २०६९/७० को अवधिमा घटेका र बढेका भनिएका अपराधहरूको सूची ग्राफ चित्रहरूमा प्रस्तुत गरिएको छ :-

### १. घटेका अपराधहरु




## २. बढेका अपराधहरु


कर्तव्य ज्यान/ ज्यान मार्ने उद्योग
५०.०
कुटपिट अङ्गभङ्ग
५५.१
चोरी /डाँका
५८.४
अपहरण तथा शरीर बन्धक
६०.४
बहुविवाह/ बालविवाह सम्बन्ध
६२.२
मानव बेचबिखन
६२.७
जबरजस्ती चन्दा असुली
६४.०
जातीय भेदभाव सम्बन्धी अपराध
६४.२
घरेलु हिंसा
६५.५
जबरजस्ती करणी/जबरजस्ती करणी गर्न उद्योग गर्ने
६६.०
गोबध
६८.३
हातहतियार खरखजाना/ विष्फोटक पदार्थ
६९.०
बैकिङ्ग कसूर/ विदेशी मुद्रा/जाली नोट
६९.३
गर्भपतन
६९.८
आगलागी
६९.८
सवारी ज्यान/अङ्गभङ्ग
७०.१
वैदेशिक रोजगार
७०.१
विद्युतीय अपराध
७०.१
जुवा तास
७२.१
तस्करी
७४.१
सार्वजनिक अपराध
७४.१
कालोबजार सम्बन्धी कसूर
७४.१
लागूऔषध
७५.४
ठगी
७५.४
भ्रष्टाचार
७५.९
अन्य (यहाँ उल्लेख गरिए बाहेकका)
९४.९

# अपराधको प्रभाव


## अपराधबाट पीडित व्यक्ति

उत्तरदाता बसोबास गरेको क्षेत्रमा विगत तीन वर्ष यता भएका आपराधिक कार्यबाट धेरैजसो कस्तो व्यक्ति बढी पीडित हुने गरेको पाउनु भएको छ भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ चित्रमा प्रस्तुत गरिएको छ :-




## अपराधबाट पीडित महिलाको प्रकार

उत्तरदाता बसोबास गरेको क्षेत्रमा हुने गरेका अपराधबाट महिला बढि पीडित भएको भन्ने जवाफ दिने उत्तरदातालाई कुन प्रकारका महिला बढी पीडित रहेको पाउनु भएको छ भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ ग्राफ चित्रमा प्रस्तुत गरिएको छ :-





## दोषीलाई कारबाही गर्न सरोकारवाला निकायहरूको सक्रियता

अपराधजन्य घटनाहरु घटे पश्चात् स्थानीय निकाय, जिल्ला प्रशासन कार्यालय, प्रहरी, सामाजिक संघ संस्था, दबाव समूह, महिला समूहहरु दोषी माथि कारवाहीको लागि कत्तिको सक्रिय हुने गर्छन भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ ग्राफ चित्रमा प्रस्तुत गरिएको छ :-





## अपराध पीडितलाई बकपत्र गर्दा दबाव आउने वा नआउने

अपराध पीडितको हैसियतले बकपत्र गर्दा दबाव आउने गर्छ कि गर्दैन भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ चित्रमा प्रस्तुत गरिएको छ :-




## साक्षीले झुठा बकपत्र गर्नुको कारण

सरकारवादी फौजदारी मुद्दाको साक्षी रहेका उत्तरदातालाई झुट्ठा बकपत्र गर्नुको कारण सोधिएकोमा उत्तरदाताले दिएको जवाफ ग्राफ चित्रमा प्रस्तुत गरिएको छ :-





## अपराधमा संलग्न व्यक्तिलाई राजनीतिक संरक्षण हुने गरे वा नगरेको

उत्तरदाता बसोबास गरेको जिल्लामा अपराधमा संलग्न व्यक्तिहरूलाई राजनीतिक संरक्षण हुने गरेको छ वा छैन भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ चित्रमा प्रस्तुत गरिएको छ :-





## कैद सजाय भुक्तान गरे पछि समाजमा पुन:स्थापना हुन समस्या भए वा नभएको

कैद सजायको भुक्तान गरी समाजमा फर्कने व्यक्तिको पुन:स्थापना गर्न कुनै समस्या छ वा छैन भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ ग्राफ चित्रमा प्रस्तुत गरिएको छ :-



## आफूले गरेको अपराधप्रति बन्दीको धारणा


बन्दी उत्तरदातालाई अपराध गरेकोमा पश्चाताप लागेको छ वा छैन भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ चित्रमा प्रस्तुत गरिएको छ :-



# फौजदारी न्याय प्रणालीको प्रभावकारिता


## फौजदारी न्याय प्रणालीको प्रभावकारिता र निष्पक्षता

नेपालको फौजदारी न्याय प्रणाली प्रभावकारी र निष्पक्ष छ भन्ने कुरामा कत्तिको विश्वस्त हुनुहुन्छ भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ चित्रमा प्रस्तुत गरिएको छ :-




## फौजदारी न्याय प्रणालीले पहिलो प्राथमिकता दिनु पर्ने विषय

नेपालको फौजदारी न्याय प्रणालीले कुन कुरालाई पहिलो प्राथमिकता दिनु पर्ला भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ ग्राफ चित्रमा प्रस्तुत गरिएको छ :-





## आपराधिक घटनाको स्थानीय स्तरमा मेलमिलाप हुने गरे वा नगरेको

सरकार वादी हुने फौजदारी अपराधको घटना घटे पश्चात् त्यस्ता आपराधिक घटनाको मेलमिलाप /मिलापत्र हुने गरे वा नगरेको भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ चित्रमा प्रस्तुत गरिएको छ :-





## असमर्थ व्यक्तिलाई निःशुल्क कानूनी सहायताको बारेमा जानकारी भए नभएको

असमर्थ व्यक्तिलाई नेपाल सरकारले उपलब्ध गराउने निःशुल्क कानूनी सहायताका सम्बन्धमा जानकारी छ छैन भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ चित्रमा प्रस्तुत गरिएको छ :-




## निर्दोष व्यक्तिले सजाय पाए वा नपाएको

अपराधमा संलग्न नभएको (निर्दोष) व्यक्तिले सजाय पाएको छ छैन भनी सोधिएकोमा उत्तरदाताले दिएको जवाफ चित्रमा प्रस्तुत गरिएको छ :-




## सरकारवादी फौजदारी मुद्दाहरू असफल हुनाका कारणहरू

सरकारवादी फौजदारी मुद्दाहरू असफल हुनाका ५ वटा कारण उल्लेख गर्नुहोस भनी अनुरोध गरिएकोमा उत्तरदाताले दिएको जवाफ चित्रमा प्रस्तुत गरिएको छ :-



# निष्कर्ष र सुझाव

## निष्कर्ष

सर्वेक्षणबाट प्राप्त सूचनाहरूको आधारमा प्रत्येक प्रश्नमा के कति प्रतिशत उत्तरदाताले के कस्तो जवाफ दिए भन्ने कुरा सम्बन्धित प्रश्न र जिल्लास्थित कार्यालयमा रहेको संस्थागत तथ्याङ्क समेतको आधारमा तालिका तयार गरी समग्र रूपमा प्रचलित तथ्याङ्कीय विधिका आधारमा तथ्याङ्कको विश्लेषण गरिएको थियो । सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई प्रश्नावली अनुसार पाँच परिच्छेदमा विभाजन गरी विश्लेषण गरिएको र उक्त विश्लेषणबाट प्राप्त हुन आएको नतिजाको आधारमा नेपालमा अपराध सम्बन्धी बेसलाइन सर्वेक्षणको निष्कर्ष निम्नानुसार प्रस्तुत गरिएको छ :–

१. अपराधमा २५ देखि ४० वर्षको उमेर समूहका व्यक्तिहरू बढी संलग्न रहने गरेको, लैङ्गिक रूपमा हेर्दा ७३ प्रतिशत पुरूष र १८ प्रतिशत महिला आपराधिक कार्यमा सहभागिता रहने गरेको भन्ने उत्तरदाता आमनागरिकको धारणा रहेको पाइयो ।

२. समाजमा सबैभन्दा बढी क्रमशः ज्यान सम्बन्धी, चोरी डकैती, घरेलु हिंसा, जबरजस्ती करणी, कुटपिट र सार्वजनिक अपराधका घटना हुने गरेको भन्ने सरोकारवाला उत्तरदाताको धारणा रहेको पाइयो ।

३. आमनागरिकले अपराधको सूचना प्रहरीमा नगर्नुको कारणमा अभियुक्तको तर्फबाट हुने डर, त्रास, धम्की दबाब हुन सक्ने, अपराधको सूचना प्रहरीमा दर्ता गराउँदा अनावश्यक झन्झटमा व्यहोर्नु पर्ने र सरकारवादी मुद्दामा सरकारी साक्षीको रूपमा रहने

व्यक्तिले आफू असुरक्षित महसूस गर्ने गरेको धारणा व्यक्त गरेको पाइयो ।

४. समाजमा अपराध हुनुको पछाडि मुख्यरूपमा आर्थिक (गरिबी, बेरोजगारी ) कारण रहेको देखियो भने अन्य कारणमा मादक पदार्थ सेवन, रिस इबी तथा आवेग, लागूऔषध कारोबारको समस्या, सुरक्षा व्यवस्थाको कमी र अशिक्षा रहेको भन्ने धारणा व्यक्त गरेको पाइयो ।

५. सर्वेक्षण अवधिमा तथ्याङ्कीय रूपमा अपराधका घटनामा घटीबढी नभई यथावत अवस्था नै रहेको देखिए तापनि उत्तरदाता आमनागरिकले भने भ्रष्टाचार, ठगी, कालोबजारीका अपराध बढेको भन्ने धारणा व्यक्त गरेको देखियो ।

६. उत्तरदातामध्ये ४४.८ प्रतिशत उत्तरदाताले समाजमा घट्ने अपराधमा संलग्न दोषीलाई राजनीतिक पार्टीका सदस्य र अभियुक्तका आफन्तले जोगाउने प्रयास हुने गरेको र अपराधमा संलग्न व्यक्तिलाई राजनीतिक संरक्षण हुने गरेको भन्ने धारणा व्यक्त गरेको पाइयो ।

७. अपराधका घटना हुनुमा समय र यामको समेत प्रभाव देखियो । धेरैजसो अपराधका घटनाहरु राती र साँझको समयमा तथा चाडवाडको याममा बढी हुने धारणा व्यक्त गरेको पाइयो ।

८. उत्तरदातामध्ये ५०.७ प्रतिशत उत्तरदाताले अपराधिक कृयाकलापबाट महिला नै धेरै पीडित हुने गरेको र त्यसमा पनि युवतीहरु बढी पीडित हुने गरेको धारणा व्यक्त गरेको पाइयो ।

९. सरकारवादी मुद्दामा अपराध पीडितलाई बकपत्र गर्दा दबाव र आर्थिक प्रलोभन आउने हुनाले मुद्दा चलिसके पछि प्रतिकूल बकपत्र (Hostile) हुने अवस्था आउने गरेको देखियो ।

१०. बन्दी उत्तरदातामध्ये ५४.९ प्रतिशत वन्दी उत्तरदाताले अपराध गरेकोमा पश्चातापको भाव व्यक्त गरेको पाइयो ।

११. उत्तरदातामध्ये ६०.८ उत्तरदातामा अपराधका घटना घटी सकेपछि अभियुक्त पक्राउ गर्न प्रहरी क्रियाशील रहेको छ भन्ने धारणा रहेको पाइयो ।

१२. उत्तरदातामध्ये ३८.१ प्रतिशत उत्तरदातामा मुद्दा अभियोजन गर्ने कार्यमा सरकारी वकिलको प्रभावकारिता सामान्य रहेको छ भन्ने धारणा रहेको देखियो ।

१३. उत्तरदातामध्ये ४०.४ प्रतिशत उत्तरदातामा अदालतको काम कारबाहीको प्रभावकारिता सामान्य रहेको छ भन्ने धारणा पाइयो ।

१४. नेपालको फौजदारी न्याय प्रणालीको प्रभावकारिता र निष्पक्षता प्रति ५० प्रतिशत नागरिकहरू पूर्णरूपमा विश्वस्त हुन सकेको देखिएन । अपराधीलाई कडा सजाय र मुद्दाको छिनोफानो चाँडो र प्रभावकारी हुनुपर्ने अधिकाँश उत्तरदाताको धारणा रहेको पाइयो ।

१५. असमर्थ व्यक्तिलाई नेपाल सरकारले उपलब्ध गराउदै आएको निःशुल्क कानूनी सहायताको बारेमा ८७.७ प्रतिशत उत्तरदाता आमनागरिकलाई जानकारी भएको देखिएन । निःशुल्क कानूनी सहायता कार्यक्रम प्रभावकारी नहुनुमा त्यस्तो सहायता प्रदान गर्ने वैतनिक वकिल वा कर्मचारीले पर्याप्त ध्यान नदिएको भन्ने जवाफ पाइयो ।

१६. उत्तरदातामध्ये ५२.६ प्रतिशत उत्तरदाताले संवेदनशील मुद्दामा पीडितको गोपनीयता राख्ने गरेको छैन भन्ने धारणा व्यक्त गरेको पाइयो । त्यसैगरी पीडितलाई क्षतिपूर्ति दिनुपर्ने कानूनी व्यवस्था आवश्यक छ भन्नेमा ७३ प्रतिशत उत्तरदाताको धारणा रहेको पाइयो ।

१७. सरकारले गम्भीर प्रकृतिका फौजदारी मुद्दा फिर्ता लिनु उपयुक्त होइन भन्नेमा ६५.५ प्रतिशत उत्तरदाता (आमनागरिक) को धारणा रहेको पाइयो । त्यसैगरी ६४.४ प्रतिशत उत्तरदाताले फौजदारी

मुद्दा फिर्ता लिनु अघि अपराधबाट पीडितको पूर्व सहमति आवश्यक पर्ने धारणा व्यक्त गरेको पाइयो ।

१८. उत्तरदातामध्ये ४२.२ प्रतिशतले पीडितको न्यायमा सरकार अलि अलि संवेदनशील भएको भन्ने र १९.९ प्रतिशतले पीडितको न्यायमा सरकार संवेदनशील नभएको भन्ने धारणा व्यक्त गरेको पाइयो । अपराधबाट पीडितले क्षतिपूर्ति पाउनु पर्ने धारणा ९१.७ प्रतिशत उत्तरदाताले व्यक्त गरेको पाइयो ।

१९. अनुसन्धान भएका सबै मुद्दा अदालतमा दर्ता नहुनुको कारण राजनैतिक दबाब र अनुचित प्रभाव भएको भन्नेमा ५३.८ प्रतिशत उत्तरदाता रहेको र झुटा उजुरी र प्रमाणको अभाव भन्नेमा २३ प्रतिशत उत्तरदाता रहेको पाइयो ।

२०. सरकारी निकायबाट हुने गरेको अपराधको रोकथाम र कानूनी विषयमा हुने गरेको सचेतना अभिवृद्धि कार्यक्रमको बारेमा धेरैजसो नागरिक अनभिज्ञ देखिए ।

२१. अपराध हुन नदिन राज्यले शान्ति सुरक्षाको उचित प्रबन्ध मिलाउनु पर्ने र फौजदारी न्याय प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने भन्ने सुझाव ५१ प्रतिशत उत्तरदाता आमनागरिकले दिएको पाइयो ।

२२. सरकारवादी मुद्दा असफल हुनाका कारणहरूमा फितलो अनुसन्धान (३७.२ प्रतिशत), राजनीतिक हस्तक्षेप र नाताबाद कृपावाद (३३.३ प्रतिशत), वैज्ञानिक अनुसन्धान नहुनु, स्रोत र साधनको कमी, प्रमाणको अभाव (२४.३ प्रतिशत) र भ्रष्टाचार र आर्थिक प्रलोभन (२३.५ प्रतिशत) रहेको भन्ने आमनागरिकको दृष्टिकोण रहेको देखियो ।

## ६.२ सुझाव

१. सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन सुरक्षा निकायलाई स्रोत साधन सम्पन्न बनाई जनसंख्याको वितरणको आधारमा सुरक्षाकर्मीको उपस्थिति र सुरक्षा निकायको विस्तार गर्ने ।

२. अपराध न्यूनीकरणसँग सम्बन्धित सचेतनामूलक सरकारी कार्यक्रमहरु लक्षित समूहसँग पुग्ने गरेको नपाइएकोले सरकारी कार्यक्रमको विस्तार तथा निरन्तर अनुगमन गर्ने ।

३. कानूनी सचेतनाका कार्यक्रमहरु शहरी इलाकाभन्दा ग्रामीण तथा दुर्गम इलाकासम्म पुऱ्याउने ।

४. अपराधको अनुसन्धान र अभियोजनको कार्यमा संलग्न सरकारका निकायहरु बढी सम्वेदनशील हुनुपर्नेमा आर्थिक प्रलोभन तथा दबाबमा परी पीडितलाई न्याय प्रदान गर्ने कार्यमा उदासीन देखिएकोले त्यस्ता निकायमा कार्यरत कर्मचारीको क्षमता विकास तथा दण्ड र पुरस्कारको व्यवस्थालाई प्रभावकारी बनाउने ।

५. अपराधबाट महिला बढी पीडित हुने गरेको पाइएकोले पीडित महिला तथा बालबालिकाको सुरक्षाको लागि राज्यका तर्फबाट विशेष कार्यक्रम सञ्चालन गर्ने ।

६. अपराधबाट पीडितलाई तत्काल राहत दिनको लागि आवश्यक कानूनी व्यवस्था गरी सोको लागि छुट्टै पीडित राहत कोषको स्थापना गर्ने ।

७. अदालती कारबाही छिटो, छरितो र प्रभावकारी बनाउने ।

८. फौजदारी मुद्दामा अदालतबाट भएको सजायको प्रभावकारी कार्यान्वयन गर्ने ।

९. सरकारी साक्षीको सुरक्षाको सम्बन्धमा छुट्टै कानूनी व्यवस्था गर्ने ।

१०. अपराधको प्रवृत्ति, अपराधको कारण र अपराधबाट समाजमा परेको प्रभावजस्ता विषयमा राज्यको तर्फबाट नियमित सर्वेक्षण गर्ने ।

११. अनुसन्धान र सर्वेक्षणबाट प्राप्त नतिजाको आधारमा नीतिगत, कानुनी र संस्थागत सुधार गर्ने ।

१२. पारिवारिक र सामाजिक प्रकृतिका अपराधको सूचना लिने र अनुसन्धान गर्ने अलग अलग कार्यविधि सम्बन्धी कानूनी व्यवस्था गर्ने ।

१३. अनुसन्धान गरिएका आपराधिक घटनामध्ये धेरै घटना अदालतमा मुद्दाको रूपमा दर्ता हुन नदिन राजनीतिक कार्यकर्ता नै सक्रिय रहेको भन्ने आमनागरिकको धारणा रहेकोले यस्तो प्रवृत्तिको अन्त्य गर्न मूलरूपमा राजनीतिक प्रतिबद्धता र इच्छाशक्ति आवश्यक रहेको ।

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**
सिंहदरबार, काठमाण्डौं
फोनः ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४
वेभसाइटः www.moljpa.gov.np